चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)

## मिति २०७९/०६/११ गते बसेको कर्मचारीहरूको नियमित बैठकका प्रस्ताव तथा निर्णयहरू

### प्रस्तावहरू

१. २०७९ सालको बडा दसैं, शुभ दीपावली र छठ पर्वको शुभकामना आदानप्रदान सम्बन्धमा ।
२. गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बिमाका लाभग्राही छनोट र सिफारिस सम्बन्धमा ।
३. भू-उपयोग क्षेत्रको वर्गीकरण गर्ने सम्बन्धमा ।
४. अस्थायी मतदाता नामावलीको लागि विवरण उपलब्ध गराउने सम्बन्धमा ।
५. प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन प्रयोजनको लागि शिक्षक / कर्मचारीको विवरण उपलब्ध गराउने सम्बन्धमा ।

### निर्णयहरू :

**निर्णय नं. १** प्रस्ताव नं. १ को **"२०७९ सालको बडा दसै शुभ दिपावली र छठ पर्वको शुभकामना आदानप्रदान सम्बन्धमा"** छलफल गर्दा आउदै गरेको बडा दसै शुभ दिपावली र छठ पर्वको अवसरमा सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि तथा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको शुभेच्छासहित शुभकामना आदानप्रदान गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ को **'गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बिमाका लाभग्राही छनोट र सिफारिस सम्बन्धमा'** छलफल गर्दा नगर कार्यपालिकाको मिति २०७९/०५/२३ गतेको निर्णबाट **चौरजहारी नगरपालिकाको विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९** स्वीकृत भइ स्वास्थ्य बीमा कार्यक्रमको योगदान रकमका लागि आवेदन पेस गर्ने सम्बन्धी मिति २०७९/०६/०२ गतेको सूचना अनुसार २०७९ असोज ९ गतेसम्म आवश्यक कागजातसहित आवेशन पेस गरेका निवेदकहरूको निवेदन उपर कार्यविधिको अनुसूची २ बमोजिमका मापदण्डका आधारमा मूल्याङ्कन गरी वडास्तरका सबै प्रक्रियाहरू पूरा गरी २०७९ असोज २५ गतेभित्र नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य पेस गर्ने साथै तोकिएको मितिभित्र लाभग्राहीहरूको विवरण छनोट गरी नपठाएमा सम्बन्धित वडा कार्यालय नै जवाफदेही हुने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३** प्रस्ताव नं. ३ को **"भूउपयोग क्षेत्रको वर्गीकरण गर्ने सम्बन्धमा"** छलफल गर्दा भू-उपयोग ऐन, २०७६ को दफा (४) र सोही ऐनको अनुसूची १ को मापदण्डबमोजिम यस चौरजहारी नगरपालिका क्षेत्रभित्रको भूउपयोगको अवस्था पहिचान गरी १४ वटै वडाहरूबाट विवरण पेस हुनुपर्नेमा हालसम्म वडा नं. १, २, ६, ९, १० र ११ को मात्र पेस भएकोले विवरण पेस गर्न बाँकी वडाहरूले मिति २०७९/०६/१४ गतेसम्म वडा समितिसँग समन्वय गरी विवरण पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ को **"अस्थायी मतदाता नामावलीको लागि विवरण उपलब्ध गराउने सम्बन्धमा"** छलफल गर्दा जिल्ला निर्वाचन कार्यालयको परिपत्रअनुसार निर्वाचन प्रयोजनका लागि यस नगरपालिका कार्यालयबाट मिति २०७९/०६/०९ गते जानकारी गराइएको परिपत्रानुसार माग गरेको विवरण तोकिएको समयावधि भित्र पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ को **'प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन प्रयोजनको लागि कर्मचारी, शिक्षक / कर्मचारीको विवरण उपलब्ध गराउने सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिका कार्यालयबाट मिति २०७९/०६/०९ गते जानकारी गराइएको परिपत्रानुसार माग गरेको विवरण तोकिएको समयावधि भित्र पेस गर्ने निर्णय गरियो ।

**अन्तमा बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

२०७९।६।११

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत